# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
# मितिः २४ फरवरी २०२६

समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- उपराष्ट्रपति सी.पी. राधाकृष्णनले दार्जिलिङ आफ्नो समृद्ध सांस्कृतिक सम्पदा र उच्च सांस्कृतिक स्तर कायम राख्ने कारणले परिचित रहेको बताउनुभएको छ।

- सर्वोच्च न्यायालयले पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण अंतर्गत दावीहरुको सत्यापनका लागि झारखंड र ओडिसाबाट न्यायिक अधिकारिहरुको तैनातीलाई अनुमति दिईको छ।

- यस वर्ष पश्चिम बंगालमा हुने विधानसभा चुनावलाई ध्यानमा राख्दै, निर्वाचन आयोगले १० मार्च सम्ममा राज्यमा केन्द्रीय सशस्त्र पुलिस बलका कुल ४८० कम्पनी तैनाथ गर्ने बताएको छ।

- भारतीय जनता पार्टीले यस वर्ष हुने विधानसभा चुनाउ अघि पश्चिम बंगालमा आफ्नो बहुप्रतीक्षित परिवर्तन यात्राको शूरुवात १ मार्चदेखि गर्न गइरहेको छ।

- दार्जीलिङमा आज  एउटा घरमा आगलागी हुँदा घर सँगै जलेर 62 वर्षे कमल प्रधानको मार्मिक निधन भएको छ।

- पश्चिम बंगालको सबै भन्दा अग्लो स्थान सन्दकपु, ठोकुम,फालुट लगायत यस परिसरमा यस वर्षको पहिलो हिमपात भएको छ।

**उपराष्ट्रपति - दार्जिलिङ युवा**

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले दार्जिलिङ आफ्नो समृद्ध सांस्कृतिक सम्पदा र उच्च सांस्कृतिक स्तर कायम राख्ने कारणले परिचित रहेको बताउनुभएको छ। आज नयाँ दिल्लीस्थित उपराष्ट्रपति भवनमा दार्जिलिङ युवा संघका सदस्यहरूसँग बोल्दै श्री सी.पी. राधाकृष्णनले प्रत्येक नागरिकले राष्ट्रलाई पहिलो स्थानमा राख्ने अटल प्रतिबद्धताबाट प्रेरित हुनुपर्ने बताउनुभयो। एक सामाजिक सञ्जाल पोस्टमा उपराष्ट्रपतिले राष्ट्रिय र क्षेत्रीय हितहरू बीचको सद्भाव आवश्यक रहेको बताउनुभयो। उहाँले देशको परम्परा र सांस्कृतिक सम्पदाको संरक्षण नागरिक र सरकार दुवैका लागि सर्वोपरि हुनुपर्ने बताउनुभयो।

**सर्वोच्च न्यायालय-पश्चिम बंगाल-एसआईआर**

सर्वोच्च न्यायालयले पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण अन्तर्गत 80 लाख दावी र आपत्तिहरूको समाधान गर्न कलकत्ता उच्च न्यायालयका मुख्य न्यायाधीशलाई सिविल न्यायाधीशहरू तैनाथ गर्न र छिमेकी राज्यहरू झारखण्ड र ओडिशाबाट न्यायिक अधिकारीहरूलाई बोलाउन अनुमति दिएको छ।मुख्य न्यायाधीश न्यायामूर्ति सूर्यकांतको नेतृत्वमा रहेको पीठले कलकत्ता उच्च न्यायालयका मुख्यन्यायाधीशको एक पत्र बारे ध्यान दियो।पत्रमा भनिएको छ 250 जिल्ला न्यायाधीशहरुको सत्यापन प्रक्रिया पूरा गर्नमा लगभग 80 दिन लाग्नेछ। समयको अभावलाई ध्यानमा राख्दै, सर्वोच्च न्यायालयले अतिरिक्त सिविल न्यायाधीशहरूको तैनाथीलाई अनुमति दियो र कलकत्ता उच्च न्यायालयलाई झारखंड र ओडिशाबाट समान रैंकको न्यायिक अधिकारीहरूलाई बोलाउन निर्देश दियो।न्यायालयले दुवै राज्यका अधिकारीहरूको तैनाथीको खर्च निर्वाचन आयोगलाई व्यहोर्न निर्देश समेत दिईएको छ।निर्वाचन आयोगलाई 28 फरवरीमा अन्तिम मतदाता सूची प्रकाशित गर्न पनि अनुमति दिइएको छ र सत्यापन प्रक्रिया अगाडि बढ्दै जाँदा पूरक सूचि जारी गर्न सकिने स्पष्ट पारिएको छ।यसअघि, पश्चिम बंगाल सरकार र निर्वाचन

आयोग बीच विवाद बारे चिन्ता व्यक्त गर्दै, सर्वोच्च न्यायालयले SIR प्रक्रिया पूरा गर्न सहयोग गर्न सेवारत र पूर्व जिल्ला न्यायाधीशहरूलाई तैनाथ गर्ने आदेश दिएको थियो।

**पश्चिम बंगालमा विधानसभा चुनाव/ केन्द्रीय सशस्त्र पुलिस बल**

यस वर्ष पश्चिम बंगालमा हुने विधानसभा चुनावलाई ध्यानमा राख्दै, निर्वाचन आयोगले राज्य पुलिस प्रशासनलाई राज्यका संवेदनशील क्षेत्रहरू पहिचान गर्ने प्रक्रियालाई सकेसम्म चाँडो पूरा गर्न र मार्चको दोस्रो हप्तासम्ममा यसलाई अन्तिम रूप दिन निर्देशन दिएको छ।

***राज्य पुलिसले पहिचान गरेका संवेदनशील क्षेत्रहरूको आधारमा, आयोगले केन्द्रीय सशस्त्र पुलिस बलको तैनाथीको लागि प्रारम्भिक योजना तयार गर्नेछ। सम्बन्धित क्षेत्रहरूको संवेदनशीलता अनुसार बलको संख्या र तैनाथी निर्धारण गरिनेछ।आयोगले मतदानको मिति घोषणा र आदर्श आचारसंहिता लागू हुनुभन्दा पहिले राज्यमा केन्द्रीय सशस्त्र पुलिस बलको तैनाथी सुरु गर्ने निर्णय पनि गरेको छ। १० मार्च सम्ममा राज्यमा कुल ४८० कम्पनी तैनाथ गरिनेछ। यी मध्ये २४० कम्पनी १ मार्च मा र बाँकी २४० कम्पनी १० मार्चमा बंगल आइपुग्नेछन्।हिज साँझ वरिष्ठ राज्य पुलिस अधिकारीहरूसँग भएको तयारी बैठकमा आयोगले १ मार्च देखि १० मार्च सम्म तैनाथ गरिने ४८० कम्पनीहरूलाई निष्क्रिय नराखेर प्रारम्भिक क्षेत्र प्रभुत्व स्थापित गर्न तैनाथ गर्नुपर्ने स्पष्ट निर्देशन दिएको छ।यी कम्पनीहरूलाई निर्वाचन आयोगद्वारा नियुक्त केन्द्रीय पर्यवेक्षकहरूसँग परामर्श गरेर तैनाथ गरिनेछ। राज्य मुख्य निर्वाचन अधिकृतको कार्यालयका स्रोतहरूका अनुसार, केन्द्रीय पर्यवेक्षकहरूलाई तैनाथी प्रक्रियाको अनुगमन गर्न र आयोगलाई दैनिक प्रतिवेदन पेश गर्न निर्देशन दिइएको छ।***

**भारतीय जनता पार्टी पश्चिम बंगाल**

भारतीय जनता पार्टीले यस वर्ष हुने विधानसभा चुनाउ अघि पश्चिम बंगालमा आफ्नो बहुप्रतीक्षित परिवर्तन यात्राको शूरुवात १ मार्चदेखि गर्न गइरहेको छ। पार्टीले यस पल्ट ठूलो स्तरमा केन्द्रिय नेतृत्वलाई मैदानमा उतारेर शक्ति प्रदर्शनको रणनीति अपनाइरहेको छ। ४८ घण्टाभित्र कम्तिमा आठ केन्द्रिय मन्त्री र राष्ट्रिय स्तरका नेताहरू राज्यमा आइपुग्नेछन्।यो यात्रा राज्यका दशमध्ये नौ संगठनात्मक प्रभागहरूमा निकालिनेछ। केवल कोलकाता महानगर प्रभागलाई यसबाट अलग राखिएको छ, जहाँ समापनमा ब्रिगेड मैदानमा विशाल जनसभा आयोजना गरिनेछ। १ मार्चमा यात्राको शुरुवात ,कूचबिहार, कृष्णानगर, कुल्टी, गढबेता र रायदीघीबाट हुनेछ। २ मार्चमा इस्लामपुर, हसन, सन्देशखाली र आमताबाट यात्राको शुभारम्भ गरिनेछ। केन्द्रिय गृहमन्त्री अमित शाहले १ मार्चमा रायदीघीबाट परिवर्तन यात्रालाई हरियो झण्डा देखाउनुहुनेछ। केन्द्रिय स्वास्थ्य मन्त्री जगत प्रकाश नड्डाले सोही दिन कृष्णानगरबाट यात्राको सुरुवात गर्नुहुनेछ। रक्षामन्त्री राजनाथ सिंहले २ मार्चमा आमताबाट यात्राको शुरुवात गर्नुहुनेछ।राष्ट्रिय अध्यक्ष नितिन नवीनले १ मार्चमा कूचबिहार तथा २ मार्चमा इस्लामपुरबाट यात्राको सुरुवात गर्नुहुनेछ । केन्द्रिय शिक्षा मन्त्री धर्मेन्द्र प्रधानले गढबेताबाट, जबकि महिला तथा बाल विकास मन्त्री अन्नपूर्णा देवीले कुल्टीबाट यात्राको शुभारम्भ गर्नुहुनेछ।

**पश्चिम बंगाल SIR**

पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण अन्तर्गत 'तार्किक विसंगति' श्रेणीमा चिन्हित मतदाताहरूका दस्तावेजहरूको न्यायिक जाँच प्रक्रिया हिजदेखि शुरू भएको छ। यसबीच भारत-बांग्लादेश सीमा संलग्न चार वटा जिल्लाहरूमा नियुक्त न्यायिक अधिकारीहरूले सुरक्षामा चूक भएका घटनाहरूलाई मध्यनजर गर्दै विशेष सुरक्षाको माग गरेका छन्।

***यो प्रक्रिया उच्चतम न्यायालयद्वारा हालैमा दिइएको निर्देश अनुसार आरम्भ गरिएको हो। न्यायिक अधिकारीहरूले सुरक्षाको माग गरेका जिल्लाहरूमा क्रमैले मालदा, मुर्शिदाबाद, उत्तर 24 परगना अनि दक्षिण 24 परगना सामेल छन्। यी सबै जिल्लाहरूको अन्तरराष्ट्रिय सीमाना बांग्लादेशसित जोड़िएको छ भने दक्षिण 24 परगनाको अधिकांश भाग तटीय सीमासित जोड़िएको छ।मुख्य निर्वाचन अधिकारी, पश्चिम बंगाल कार्यालय सूत्र अनुसार भारत निर्वाचन आयोगले न्यायिक अधिकारीहरूको आशंकालाई गम्भीर रूपमा लिँदै राज्य पुलिस प्रशासनलाई उनीहरूलाई व्यापक सुरक्षा उपलब्ध गराउने निर्देश दिएको छ।सूत्र अनुसार 'तार्किक विसंगति' श्रेणीमा चिन्हित लगभग 50 लाख***

***मतदाताहरूको दस्तावेजलाई न्यायिक जाँचको लागि पठाइएको छ। यसमा सबैभन्दा अधिक मामिला मुर्शिदाबाद जिल्लासित सम्बन्धित रहेको बताइएको छ तथापि आयोगले अहिलेसम्म सठीक संख्या सार्वजनिक गरेको छैन।जाँच प्रक्रियासित जोड़िएका न्यायिक अधिकारीहरूलाई प्रत्येक मामिलामा दस्तावेज स्वीकार वा अस्वीकार गरेको स्पष्ट कारण दर्ता गर्ने निर्देश दिइएको छ। यसको साथै उनीहरूले प्रतिदिनको प्रगति प्रतिवेदन पनि कलकत्ता उच्च अदालतलाई सुम्पिनुपर्छ जसले सम्पूर्ण प्रक्रियाको सक्रिय निगरानी गरिरहेको छ।***

## कोलकाता उच्च अदालत विस्फोट धम्की

कोलकाता उच्च अदालत सहित राज्यका सात अदालतहरूमा बम विस्फोटको धम्की प्राप्त भएको छ। धम्कीपूर्ण इमेल प्राप्त भएपछि अदालत परिसर भित्र आतंक सिर्जना भएको छ। सुरक्षा एजेन्सीहरूलाई सतर्क गराइएको छ, र सबै स्थानमा गहन खोजी भइरहेको छ।स्रोत अनुसार, कोलकातामा लगायत राज्यभरका पाँच जिल्लाहरूमा उच्च सतर्कता जारी गरिएको छ। कोलकाता उच्च अदालत बाहेक, आसनसोल, दुर्गापुर, बहरामपुर, सिउरी, रामपुरहाट र अलिपुर अदालतहरूमा बम विस्फोट गर्ने धम्कीपूर्ण इमेल पठाइएको छ।आसनसोल जिल्ला न्यायाधीश देव प्रसाद नाथका अनुसार, उहाँलाई बिहान लगभग ११:३० बजे इमेल प्राप्त भयो, जसमा दिउँसो १ बजे अदालत परिसरमा विस्फोट गर्ने धम्की दिइएको थियो। इमेल प्राप्त भएपछि, उहाँले तुरुन्तै सबै न्यायिक काम स्थगित गरेर अदालत परिसर खाली गर्न आदेश दिए। यस विषयमा उहाँले आसनसोल-दुर्गापुर पुलिस आयुक्तालयलाई पनि जानकारी गराउनुभएको थियो। जानकारी पाएपछि, पुलिस उपायुक्त भारी पुलिस बलसहित घटनास्थलमा पुगे र सम्पूर्ण अदालत परिसरलाई घेराबन्दी गरिएको थियो। बम स्क्वाड र कुकुर स्क्वाड टोली बोलाएर अदालत परिसरको विस्तृत खोजी अभियान संचालन गरियो।

धम्कीपूर्ण इमेलमा अदालत कक्ष र न्यायाधीशको कक्षमा विस्फोटक पदार्थ राखिएको दाबी गरिएको छ। यस इमेलमा अन्य धेरै गम्भीर र आपत्तिजनक दाबीहरू पनि गरिएका छन्।

## भाजपा जनसम्पर्क अभियान

आगामी विधानसभा चुनावलाई ध्यानमा राख्दै, भारतीय जनता पार्टीले पश्चिम बंगालमा आफ्नो जनसम्पर्क अभियानलाई तीव्र बनाएको छ। यस सन्दर्भमा, श्रीरामपुर संगठनात्मक जिल्ला भाजपा महासचिव तथा  रिषड़ा नगरपालिकाको वार्ड नम्बर ११ का पार्षद शशि सिंह झाले प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा जारी पत्र लिएर यस क्षेत्रमा घर-घर जाँदैछन्, जसमा मतदाताहरूलाई भाजपालाई मतदान गर्न अपील गरिएको छ।भाजपा स्रोतका अनुसार, यो अभियान केन्द्र सरकारको नीति, उपलब्धि र "परिवर्तन" को सन्देश जनतामा प्रत्यक्ष रूपमा पुर्‍याउने पार्टीको रणनीतिको एक हिस्सा हो। बंगाली भाषामा लेखिएको प्रधानमन्त्रीको पत्र स्थानीय मतदाताहरूसँग भावनात्मक सम्बन्ध सिर्जना गर्न र आगामी चुनावमा भाजपालाई समर्थन गर्न प्रोत्साहित गर्न डिजाइन गरिएको छ।

## दार्जीलिङ आगलागी

दार्जीलिङमा आज एकाबिहान एउटा घरमा आगलागी हुँदा घरसँगै जलेर 62 वर्षे कमल प्रधानको मार्मिक निधन भएको छ। घट्ना आज बिहान लगभग 2 बजे भएको हो। चौरास्तादेखि लगभग 1 किलोमिटर टाड़ामा अवस्थित उदय ग्राम पुस्तकालय क्षेत्रको एउटा घरमा यो घटना भएको हो| यस घरमा मोठ 6 परिवार भाड़ामा बस्थे। जसमध्ये कमल प्रधान पनि एक थिए। हिजो उनी आफ्नो घरमा एकलै थिए। आगो लागेको थाह पाएपछि यस घरमा बस्ने अन्य भाड़ादारहरू सबै घरबाट बाहिर निस्किए अनि आ-आफ्नो ज्यान बँचाए। तर कमल प्रधानले आफ्नो ज्यानसम्म बँचाउन सकेनन्। उनी त्यो भयावह रूपले लागेको आगोको चपेटमा परे अनि घट्नास्थलमा नै उनको मार्मिक निधन भयो। घट्नाको जानकारी पाएपछि जीटीएका मुख्य कार्यपाल अनित थापा पनि घट्नास्थल पुगे अनि अग्नि पीड़ित परिवारहरूलाई अन्य भाड़ाको घरमा राख्ने निर्देश दिनुभएको छ। यसैबीच, उदय ग्रामीण पुस्तकालय एवं समितिले अग्नि पीड़ित परिवारहरूलाई समाज घरमा नै बस्ने व्यवस्था गरिदिएको छ भने राहतका सामग्रीहरूको पनि बन्दोबस्त गरिदिएको छ। यसरी नै ग्राम सेवक समितिले पनि पीड़ित परिवारहरूका लागि राहत सामग्री संग्रह गर्न थालेको समितिले बताएको छ। यता घट्नाबारे पुलिसले जाँच शुरू गरिसकेको छ भने मृतक प्रधानको शवको पोस्टमार्टम गरी अन्तिम संस्कार गरिएको गाउँलेहरूले बताएका छन्।

**'नइ प्रज्ञा पुरस्कार'**

नेपालको नइ एकेडेमीले नेपाली भाषासाहित्यको पठनपाठन तथा अनुसन्धानका साथै 'नेपाल भारत विश्वविद्यालय प्राध्यापक सम्मेलन'को उचाइ अभिवृद्धिमा विशिष्ट योगदान पुऱ्याएका भारतका नौ जना प्राध्यापकलाई 'नइ प्रज्ञा पुरस्कार' प्रदान गर्ने निर्णय गरेको छ। एकेडेमीका अनुसार पुरस्कारको राशि प्रतिव्यक्ति पचास हजार रुपियाँ निर्धारण गरिएको छ। यस वर्ष भारतबाट प्रा.डा. कविता लामा, प्रा.डा. कृष्णराज घतानी, डा. टेकबहादुर छेत्री, प्रा.डा. दिवाकर प्रधान, डा. दैवकीदेवी तिम्सिना, प्रा.डा. पुष्प शर्मा, डा. राजकुमार क्षेत्री, प्रा.डा. सञ्जय राई तथा डा. अरुणा राई लाई उक्त पुरस्कारबाट विभूषित गरिने भएको छ।

नइ एकेडेमीका कुलपति श्रीमती इन्दिरा प्रसाईको अध्यक्षतामा बसेको बैठकले उक्त निर्णय गरेको जनाएको छ।एकेडेमीले अप्रिल १०, ११ र १२ मा सम्पन्न हुने 'नेपाल भारत विश्वविद्यालय प्राध्यापक सम्मेलन'का अवसरमा 'नइ प्रज्ञा पुरस्कार' समर्पण गर्ने कार्यक्रम रहेको बताएको छ।

**गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन, दार्जीलिङ अभियान्त्रिक विभागद्वारा निर्माण हुने माउण्ट हर्मन सामुदायिक परिसर निर्माणको शिलान्यास आज जीटीए मुख्य कार्यपाल अनित थापाको बाहुलीबाट गरिएको छ।

कार्यक्रममा अमृत योञ्जन, अध्यक्ष, सदर १ समष्टि, विजय कुमार राई, आलोक कान्तमणि थुलुङ आदिको उपस्थिति रहेको थियो। यस अवधि भागोप्रमो विधान सभा चुनावको प्रार्थी विजय कुमार राईले मानिसहरुलाई सम्बोधन गर्दै अनित थापाको नेतृत्वले दार्जीलिङ्ग पहाडका जनता सँग हातेमालो गरेर विकासको मूल फुटाउँदै आएको छ भनि बताउनुभयो ।

**सन्दकपु हिमपात**

पश्चिम बंगालको सबै भन्दा अग्लो स्थान सन्दकपु, ठोकुम,फालुट लगायत यस परिसरमा यस वर्षको पहिलो हिमपात भएको छ। समुन्द्री सतहबाट लगभग ३६३६ मिटर उचाइमा अवस्थित सन्दकपुमा वर्षको पहिलो हिमपात भएको छ।

हिमपातसंगै रिम्बिक लोधोमाको कतिपय क्षेत्रमा मध्यम वर्षा पनि भएको छ भने कतिपय क्षेत्रमा छुटपुट वर्षा भएको छ। सन्दकपुमा हिमपात भएको कारण यता रिम्बिकका किसानहरुमा खुसीको लहर छाएको छ। सुख्खा महिनामा हिमपातको कारण क्षेत्रमा पानी परेकोले खेतीबालीलाई सकरात्मक प्रभाव पर्ने बताइएको छ । पर्यटकहरुले पनि हिमपातको आनन्द लिइरहेको देखियो भने हिमपात भएपछि गुराँस फुल्नलाई पनि धेरै सहायता हुने बताइएको छ।

**********